

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
डिभिजन सहकारी कार्यालय, काठमाडौं

कदर-पत्र

सहकारी सिद्धान्त एवं प्रचलित कानुनको पालना गर्दै कुशलतापूर्वक संस्था संचालन गरी संस्थामा आवद्ध शेयर सदस्यहरुको हित अभिबृद्धिसँगै आर्थिक तथा सामाजिक विकासका अतिरिक्त काठमाडौं जिल्लाको सहकारी क्षेत्रमा पुऱ्याएको योगदानको समेत मूल्यांकन गर्दै ६० औं राष्ट्रिय सहकारी दिवसको अवसरमा यस कार्यालयमा दर्ता कायम श्री देवदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चन्द्रागिरि नगरपालिका-७, काठमाडौंलाई उत्कृष्ट सहकारी संस्थाको रुपमा स-सम्मान यो कदर-पत्र प्रदान गरिएको छ।

मिति २०७३/१२/२०

(आनन्द सारु)
वरिष्ठ सहकारी अधिकृत

दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी

## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

लाई काठमाडौं जिल्लाको सहकारी क्षेत्रमा
योगदान पुऱ्याए वापत

**"उत्कृष्ट सहकारी संस्था"** को
रुपमा सम्मान सहित कदर-पत्र प्रदान गर्नुभएकोमा

**डिभिजन सहकारी कार्यालय, काठमाडौं** लाई
हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

साथै

हाम्रो यस सफलतामा योगदान गर्नुहुने सम्पूर्ण शेयर सदस्य महानुभाव, शुभ चिन्तक, सल्लाहकार समिति, सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति तथा व्यवस्थापन समूहलाई हार्दिक वधाई तथा धन्यवाद ब्यक्त गर्दछौं ।

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | ४-१० |
| २. | लेखा समितिको वार्षिक प्रतिवेदन | ११-१२ |
| ३. | लेखापरीक्षकको प्रतिवेदन | १३ |
| ४. | वासलात | १४ |
| ५. | आय बिवरण हिसाब | १५ |
| ६. | इक्विटी विवरण | १६ |
| ७. | नगद प्रवाह बिवरण | १७ |
| ८. | अनुसूचीहरु | १८-२७ |
| ९. | प्रमुख लेखा नीतिहरु | २८-३० |

## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि–५, काठमाडौंको नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**शेयरधनी महानुभावहरू,**

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. चन्द्रागिरि-५, काठमाडौंको मिति २०७४/०५/३० गते शुक्रबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको नवौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरि पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**साधारण सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०७४ असोज २८ गते, शनिबार ।

स्थान : भेहिकल एकेडेमी एण्ड रिर्सच सेन्टर प्रा.लि., (जि.वि.स. मैदान) गुर्जुधारा।

समय : विहान ८:०० बजे ।

**साधारण सभामा छलफल हुने विषयहरूः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. संस्थाको आ.व. २०७३/०७४ को लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३ चालू आ.व. २०७४/०७५ को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. आ.व. २०७३/०७४ मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।

५. साधारण सभाको निर्णयपुस्तिकामा हस्ताक्षर गर्नको लागी प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

६. शेयर सदस्यहरूलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।

७. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।

८. समान उद्देश्य भएका अन्य सहकारी संस्थासँग एकीकरण गर्ने सम्बन्धमा ।

९. विनियम संशोधन गर्ने सम्बन्धमा ।

११. विविध

(नोटः साधारण सभामा भाग लिन संस्थाको निमन्त्रणा पत्र अनिवार्य गरिएको छ ।)

अध्यक्ष

संचालक समितिको आज्ञाले

**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७३/०७४ को**

# वार्षिक प्रतिवेदन

## आदरणीय शेयरधनी सदस्य महानुभावहरू !

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को नवौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, शेयरधनी सदस्य महानुभावहरू, संचालक समितिका साथिहरू, लेखा समितिका साथिहरू, ऋण उपसमितिका साथिहरू, शिक्षा उपसमितिका साथिहरु, विभिन्न मिडियाका पत्रकार मित्रहरू लगाएत यस सभामा पाल्नु भएका सम्पूर्ण सहकारी कर्मीहरूलाई संस्थाको संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन गर्न चाहन्छु ।

**शेयरधनी सदस्य महानुभावहरू,**

काठमाडौं जिल्ला डिभिजन सहकारी कार्यालयमा दर्ता भई विधिवत रुपमा २०६६ साल असार ६ गतेबाट सदस्य केन्द्रित कारोवार गर्दै आइरहेको यस संस्थाले हाल चन्द्रागिरि नगरपालिका वडा नं- ५ मा रहेको संस्थाको आफ्नै सहकारी भवनबाट सदस्यहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ । संस्थाले ९ वर्ष सफलता पूर्वक पार गर्दा सदस्य केन्द्रित समुदायमा आधारित संस्था बनाउन उपस्थित सदस्यहरूबाट नै सम्भव भएको हो भन्ने हामीलाई लागेको छ। यसको श्रेय सम्पूर्ण शेयर सदस्यहरूलाई नै जान्छ । समाजमा छरिएर रहेको सानो-सानो पूँजीलाई एकत्रित गरि एउटा सानो समूहबाट सुरुवात भई बृहत रुपमा संगठित सदस्यहरूको सामूहिक व्यवसाय नै सहकारी हो। सहकारी अन्तराष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई आत्म साथ गर्दै सदस्यहरूका आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूर्ती गर्ने कार्य त्यही एकत्रित भएको पूँजीबाट पुरा गर्नु नै सहकारीता हो भन्ने बुझ्नु जरुरी छ । सहकारीमा समुदायका विभिन्न जाति, धर्म र संस्कृतिका व्यक्तिहरू सदस्य बन्न सक्ने र कसैलाई पनि ऐन, नियम र परिधि भन्दा बाहिर गएर कारोवार गर्ने देखि भेदभाव पूर्ण कार्य गर्न वञ्चित गरिएको एउटा प्रजातान्त्रिक पद्धतिबाट संचालित, बचत लिदाँ ब्याज दिने र ऋण सापटी दिँदा ब्याज लिने र त्यही ब्याजको अन्तरबाट आम्दानी गरि संचालन गर्ने एउटा स्वनियमनकारी संगठन नै सहकारी हो ।

**सदस्य महानुभावहरू ,**

हाम्रो देव दर्शन साकोसले समुदायमा आधारित भएर सदस्यहरूलाई निरन्तर सेवा प्रदान गर्ने क्रममा उत्कृष्ट कार्य गरे वापत राष्ट्रिय सहकारी दिवस २०७३ चैत्र २० गतेको दिन डिभिजन सहकारी कार्यालय काठमाडौं र जिल्ला सहकारी संघ काठमाडौंले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रममा काठमाडौं जिल्लाको सहकारीहरू मध्येबाट हाम्रो यस संस्था “उत्कृष्ट सहकारी संस्था”को रुपमा सम्मानित भएको जानकारी यस सभा

समक्ष गराउन पाउँदा हामी संचालक समिति, लेखा समिति, ऋण उप-समिति, कानुनी सल्लाहाकार परामर्शदाता र कर्मचारी साथीहरू निकै हर्षित भइरहेका छौं र अवका दिनमा संस्थालाई अझै उचाइमा पुऱ्याउन प्रेरित भएका छौं । साथै संस्थालाई अझ उचाइमा पुऱ्याउन चुस्त दुरुस्त र इमान्दारीताका साथ आ-आफ्नो कर्तव्य पालना गर्न हामी पदाधिकारी साथीहरू र कर्मचारी साथीहरू सभा समक्ष संकल्प गर्दछौं । हामी सबै सदस्यहरू बाट संस्थालाई अझ उत्कृष्ट बनाउन सुझाव र सल्लाहको आशा राख्दछौं र सदस्यहरूले पनि सधै संस्थालाई सकारात्मक सोच राखी यो संस्था भनेको हामी सबैको साझा संस्था हो, यसलाई अझ अगाडी बढाउन प्रत्येक सदस्यको उत्तिकै योगदान हुनु पर्दछ भन्ने भावना राख्न पनि अनुरोध गर्दछु र अब म आ.व २०७३/०७४ मा संस्थाले हासिल गरेको सफलतालाई यसै प्रतिवेदनमा बुंदागत रुपमा यस सधारण सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| आ.व. | शेयर पूँजी | बचत | ऋण | कुल सम्पत्ति |
|---|---|---|---|---|
| ०६५/०६६ | २२,५०,०००/- | ७४,७२,९३७/- | १०,३०,०००/- | ९२,००,५५९/- |
| ०६६/०६७ | ५२,८४,०००/- | ९,३१,३७,२९९/- | ८,४९,७९,६१६/- | १०,४१,७१,५११/- |
| ०६७/०६८ | ८८,८९,९००/- | १०,३५,५२,७४५/- | ९,३६,८५,१०४/- | ११,८१,२८,२८५/- |
| ०६८/०६९ | १,०७,२९,५००/- | ११,३२,७०,०२०/- | ९,१२,३३,५५५/- | १३,१९,९८,२०५/- |
| ०६९/०७० | १,२०,६७,९००/- | १४,४०,४५,८२७/- | १२,३३,६६,७१२/- | १६,७१,१०,९६७/- |
| ०७०/०७१ | १,४०,२४,१००/- | २४,००,२१,२११/- | १५,७८,५८,६७६/- | २६,७२,१५,२४३/- |
| ०७१/०७२ | १,५४,८४,८००/- | ३०,६७,०३,०५६/- | २२,८९,३९,३०५/- | ३३,८३,१६,८६८/- |
| ०७२/०७३ | २,०१,०५,१००/- | ४०,६९,५५,१३०/- | ३१,५३,५३,८२३/- | ४४,४९,५०,७१४/- |
| ०७३/०७४ | २,४९,६८,२००/- | ४५,६६,८५,९४१/- | ४०,३०,१६,२७१/- | ५१,३०,७३,८१३/- |

## १. व्यवस्थापन

संस्थाको व्यवस्थापनमा कार्यकारी अध्यक्ष-१, प्रबन्धक-१, अधिकृत-२, सहायक अधिकृत-१, वरिष्ठ सहायक-५, सहायक-४, कनिष्ठ सहायक-४, सुरक्षाकर्मी-२, पियन-२ समेत २२ जना दक्ष तथा अनुभवी पदाधिकारी एवं कर्मचारीहरू कार्यरत रहेका छौं ।

## २. शेयरपूँजी:

आ.व. २०७३/०७४ मा संस्थाको शेयरपूँजी रु. २,४९,६८,२०० (दुई करोड उन्नचास लाख अड्साठी हजार दुई सय रुपैयाँ मात्र) पुगेको व्यहोरा आदरणीय शेयरधनी सदस्यहरू

| क्र.सं. | शेयर कित्ता | सदस्य संख्या | शेयर पूँजी |
|---|---|---|---|
| १ | न्युनतम देखि ४९ सम्म | २११ | रू. २,२८,०००/- |
| २ | ५० देखि ९९ सम्म | ८६९ | रू. ४३,८१,४००/- |
| ३ | १०० देखि ४९९ सम्म | ४३५ | रू. ७७,३३,५००/- |
| ४ | ५०० देखि ९९९ सम्म | १०५ | रू. ५६,१४,८००/- |
| ५ | १००० देखि माथि | ६४ | रू. ७०,१०,५००/- |
| | जम्मा | १६८४ | रू. २,४९,६८,२००/- |

समक्ष अवगत गराउन चाहन्छु । साथै हाल संस्थाको कुल कारोवार को अनुपातमा शेयर पूँजी कम भएको हुदा उपस्थित सम्पूर्ण सदस्य महानुभावहरुलाई यस आ.व.मा शेयर थप गरि दिनुहुन हार्दिक अनुरोध गर्दछ ।

### ३. निक्षेप संकलन:

संस्थाको गत आ.व. २०७२/०७३ को कूल निक्षेप रु. ४०,६९,५५,१३०.९४(चालिस करोड उन्नसत्तरी लाख पचपन्न हजार एक सय तिस रुपैयाँ चौरान्नब्बे पैसा मात्र) रहेकोमा आ.व. २०७३/०७४ मा संस्थाले लागू गरेको विभिन्न बचत योजना अन्तर्गत रु. ४,९७,३०,८१०.८४(चार करोड सन्तानब्बे लाख तीस हजार आठ सय दश रुपैया चौरासी पैसा मात्र) थप निक्षेप संकलन गरी रु. ४५,६६,८५,९४१.७८ (पैतालीस करोड छैंसाठी लाख पचासी हजार नौ सय एकचालीस रुपैयाँ अठहतर पैसा मात्र) पुऱ्याउन सफल भएका छौं ।

### ४. कर्जा सापटी तथा लगानी र असुली:

गत आ.व. २०७२/०७३ मा कर्जा लगानीमा रु. ३१,५३,५३,८२३.२५(एकतिस करोड त्रिपन्न लाख त्रिपन्न हजार आठ सय तेइस रुपैया पच्चिस पैसा मात्र)) रहेकोमा आ.व. २०७३/०७४ को अन्त्य सम्ममा रु. ४०,३०,१६,२७१.९२ (चालीस करोड तीस लाख सोह्र हजार दुई सय एकहतर रुपैया बयानब्बे पैसा मात्र) कर्जा लगानीमा बाँकी रहेको व्यहोरा शेयरधनी सदस्यहरू माफ्र जानकारी गराउन चाहन्छु ।

### ५. तरलता:

गत आ.व. २०७३/०७४ मा बैंक तथा नगद मौज्दात गरि रु. ७,७८,४३,६०१.४८ (सात करोड अठहत्तर लाख त्रिचालीस हजार छ सय एक रुपैया अड्चालीस पैसा मात्र) तरलता रहेको छ ।

### ६. आ.व. २०७३/०७४ को कूल आम्दानी र खर्च विवरण:

आम्दानी तर्फ संस्थाले आ.व. २०७३/०७४ मा कर्जा लगानीबाट व्याज रु. ५,४५,५४,५७१.२६ (पाँच करोड पैतालीस लाख चौवन्न हजार पाँच सय एकहत्तर रुपैयाँ छब्बिस पैसा मात्र), प्रक्रियागत शुल्क लगायत अन्य विविध आम्दानी रु. ८७,६०,५० ९.५४(सतासी लाख साठ्ठी हजार पाँच सय नौ रुपैयाँ चौवन्न पैसा मात्र) गरी कूल रु. ६,३३,१५,०८०.८(छ करोड तेत्तिस लाख पन्ध्र हजार असि रुपैयाँ आठ पैसा मात्र) आम्दानी गरेको छ भने खर्च तर्फ गत आ.व. २०७३/०७४ मा विभिन्न बचतमा प्रदान गरिएको व्याज खर्च रु. ३,९९,३८,८१८.८३ (तिन करोड उन्नानसय लाख अड्तिस हजार आठ सय अठार रुपैयाँ त्रियासी पैसा मात्र), प्रशासनिक खर्च रु. ४९,२३,०५२.३५ (उन्नचास लाख तेईस हजार बाउन्न रुपैयाँ पैतिस पैसा मात्र), कर्मचारी खर्च रु. ७६,६४,५५१.६३( छहत्तर लाख चौसाठी हजार पाँच सय एकाउन्न रुपैयाँ त्रिसाठ्ठी पैसा मात्र), ह्रास कट्टी

खर्च रु. १२,८७,१३४.१२(बाह्र लाख सतासी हजार एक सय चौतिस रुपैयाँ बाह्र पैसा मात्र), संभावित कर्जा जोखिम कोष व्यवस्था तर्फ थप रु. १२,९२,९५१.८३ (बाह्र लाख बयानब्बे हजार नौ सय एकाउन्न रुपैयाँ त्रियासी पैसा मात्र) र कर्मचारी बोनस व्यवस्था रु ८,२०,८५७.२० (आठ लाख बिस हजार आठ सय सन्ताउन्न रुपैया बिस पैसा मात्र) समेत गरी जम्मा रु. ५,५९,२७,३६५.९६(पाँच करोड उन्नसाठ्ठी लाख सत्ताईस हजार तिन सय पैसाठी रुपैयाँ छयानब्बे पैसा मात्र) खर्च भएको व्यहोरा समेत म शेयरधनी महानुभावहरू समक्ष अवगत गराउन चाहन्छु ।

## ७. नाफा नोक्सान हिसाबः

आ.व. २०७३/०७४ मा संस्थाको कूल आम्दानी रु. ६,३३,१५,०८०.८(छ करोड तेत्तिस लाख पन्ध्र हजार असि रुपैयाँ आठ पैसा मात्र) रहेको छ भने गत आ.व.नै संस्थाको कुल खर्च रु. ५,५९,२७,३६५.९६(पाँच करोड उन्नसाठ्ठी लाख सत्ताईस हजार तिन सय पैसाठी रुपैयाँ छयानब्बे पैसा मात्र) हुन गएको छ । यसर्थ संस्थाले आ.व. २०७३/०७४ मा आयकर अघि रु. ७३,८७,७१४.८४ (त्रिहत्तर लाख सतासी हजार सात सय चौध रुपैयाँ चौरासी पैसा मात्र) मुनाफा आर्जन गरेको व्यहोरा म आदरणीय शेयरधनी सदस्य समक्ष राख्न चाहन्छु ।

## ८. कुल कारोवारः

संस्थाले आर्थिक वर्ष २०७३/०७४ अन्त्यसम्म कूल कारोवार रु. ५१,३०,७३,८१३.७७ (एकाउन्न करोड तिस लाख त्रिहत्तर हजार आठ सय तेह्र रुपैयाँ सतहत्तर पैसा मात्र) पुऱ्याउन सफल रहेको व्यहोरा शेयरधनी सदस्यहरू माझ सहर्ष जानकारी गराउन चाहन्छु ।

## ९. संस्थाको गतिविधिहरूः

क) संस्थाका पदाधिकारीहरू, कर्मचारीहरू तथा शेयर सदस्यहरू बिच नेपालीहरूको महान पर्व दशैं, तिहार र छठ पर्वका अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरिएको थियो ।

ख) मिति २०७३ चैत्र २० गते राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रममा संस्थाका पदाधिकारीहरू, कर्मचारीहरू तथा शेयर सदस्यहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा यस संस्थालाई काठमाडौं जिल्लामा संचालित मध्ये उत्कृष्ठ बचत तथा ऋण सहकारी संस्थाको रुपमा पुरस्कृत गरिएको थियो ।

ग) गत आ.व.मा पदाधिकारीहरू र कर्मचारीहरूको पून: ताजगीका लागि सहकारी अवलोकन भ्रमण अन्तर्गत स्वर्गद्धारी, पाल्पा र काली गण्डकी भ्रमण गरिएको थियो ।

घ) मिति २०७३ असोज ११ गते देखि १३ गते सम्म नेफ्स्कुन तथा संस्थाको संयुक्त आयोजनामा सहकारी कर्जा व्यवस्थापन सम्बन्धि २ दिने तालिम संस्थाको सभा हलमा आयोजना गरिएको थियो ।

ङ) मिति २०७४ जेष्ठ १२ गते चन्द्रागिरि न.पा. बाट नवनिर्वाचित मेयर, उपमेयर तथा वडाअध्यक्ष र सदस्यहरुलाई बधाई तथा कार्यकालको शुभकामना कार्यक्रम आयोजना गरिएको थियो ।

च) संस्थाको नवौं वार्षिक उत्सवको उपलक्ष्यमा मिति २०७४ असाढ ३ गते संस्थाको प्राङ्गनमा वृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । जस्मा १०४ जना सदस्यहरूले रक्तदान गर्नु भएको थियो ।

छ) संस्थाको नवौं वार्षिक उत्सवको उपलक्ष्यमा खेलकुद क्षेत्रलाई प्रोत्साहित गर्ने उद्देश्यले मिति २०७४ जेष्ठ ३० गते देखि आषाढ १२ गते सम्म "दोश्रो देव दर्शन कप ब्याडमिन्टन प्रतियोगिता" संचालन गरिएको थियो । जस्मा ३२ टिमको सहभागिता रहेको थियो ।

ज) संस्थाको नवौं वार्षिक उत्सवको उपलक्ष्यमा मातातिर्थ वृद्धा आश्रममा रहेका आमाहरुलाई खाद्य सामग्री वितरण गरिएको थियो ।

झ) विभिन्न मितिमा राष्ट्रिय सहकारी संघ, जिल्ला सहकारी संघ, नेफ्स्कून, कास्कून आदि संस्थाको वार्षिक उत्सव, वार्षिक साधारण सभा र अन्य गतिविधिहरूमा संस्थाको तर्फबाट सक्रिय सहभागिता रहेको थियो ।

## १०. आठौं वार्षिक साधारण सभाः

संस्थाको आठौं वार्षिक साधारण सभा मिति २०७३/०९/०९ गते सोल्टी क्राउन प्लाजा, सोल्टीमोडमा सु-सम्पन्न भएको थियो । उक्त साधारण सभामा प्रमुख अतिथिको रुपमा डिभिजन सहकारी कार्यालय काठमाडौंका प्रमुख श्री आनन्द सारुज्यूको उपस्थिति रहेको थियो साथै अन्य अतिथिज्यूहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिज्यूहरूको पनि उपस्थिति रहेको थियो । ८०३ जना शेयर सदस्य महानुभावहरूले उक्त साधारण सभामा भाग लिनु भएको थियो । साथै संस्थाले उक्त साधारण सभामा उत्कृष्ट बचतकर्ता सदस्य, उत्कृष्ट कारोबारी सदस्य, उत्कृष्ट आवधीक बचतकर्ता सदस्य, उत्कृष्ट अवधि बचतकर्ता सदस्य, उत्कृष्ट वर्ष कर्मचारी(आन्तरीक/वाह्य) १/१ जना, S.L.C परिक्षामा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यहरूका एक छोरा/एक छोरी लाई प्रदान गरिदै आएको Devdarshan S.L.C Excellence Award पनि प्रदान गरिएको थियो । समग्रमा एउटा प्रारम्भिक सहकारी संस्थाले आफ्नो वार्षिक साधारण सभा पाँच तारे स्तरको होटलमा उल्लेखनीय सदस्यहरुको उपस्थितिमा सम्पन्न गर्नु आफैमा नौलो प्रयास थियो । जुन प्रयास स्वरुप आठौं वार्षिक साधारण सभा कार्यक्रम सफल रुपमा सम्पन्न गरिएको थियो ।

## ११. राजस्वमा योगदानः

आ.व. २०७३/०७४ मा संस्थाले आन्तरिक राजस्व कार्यालय कलंकीमा विभिन्न (ब्याज कर, पारिश्रमिक कर, शेयर लाभांश कर , बैठक भत्ता कर, लेखा परिक्षण कर, सल्लाहकार भत्ता कर, श्रोतमा कर कट्टी र हल भाडा कर) राजस्व शिर्षकमा रु २२,९८,९५०.०० (बाईस लाख अन्ठानब्बे हजार नौ सय पचास रुपैया मात्र) दाखिला गरेको थियो ।

## १२. आ. ब. ०७४/०७५ को लागि लक्ष्य एवं बजेट :

**क. शेयर पूजी :**

संस्थाको कारोबार बृद्धि गर्न सदस्य संख्या बृद्धि संगै आ.ब. ०७४/०७५ सम्ममा रु. ३ करोड ५० लाख शेयर पूँजी पुऱ्याउने संस्थाको लक्ष्य रहेको छ।

**ख. निक्षेप संकलन :**

बिभिन्न प्रकारका निक्षेप संकलन एवं भुक्तानी गरी आ.ब. ०७४/०७५ को अन्त्य सम्ममा संस्थाको कुल बाँकी निक्षेप रु. ५५ करोड पुऱ्याउने लक्ष्य रहेको छ।

**ग. कर्जा लगानी :**

शेयर, बचत, साँवा र ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. ०७४/०७५ मा विभिन्न उद्देश्यका कर्जामा रु १५ करोड लगानी गर्ने उद्देश्य राखिएको छ।

**घ. कर्जा असुली :**

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ. ब. ०७४/०७५ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार रु. ८ करोड असुली गरि सोहि आ.ब. को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु. ४७ करोड हुने अनुमान गरिएको छ।

**ङ. कर्मचारी दरबन्दी :**

हाल संस्थामा कार्यरत कर्मचारीहरू सहित आ. व. ०७४/०७५ मा हुने अनुमानित कुल कारोबार बृद्धि अनुसार आवश्यक शाखाहरूमा कर्मचारीहरू थप गर्नुपर्ने अनुमान गरिएको छ।

**च. अनुमानित खर्च :**

आ. ब. ०७४/०७५ को लागि बचत तथा सापटीमा ब्याज खर्च तर्फ रु. ४ करोड ८६ लाख २ हजार, कर्मचारीहरूको तलब, भत्ता तथा अन्य सुबिधा आदिको लागि रु. ९५ लाख ९५ हजारको व्यवस्था गरिएको छ। त्यस्तै कार्यालय संचालन खर्च तर्फ रु. ५८ लाख ३६ हजार र ह्रासकट्टी रु १० लाख ५६ हजार गरी जम्मा रु. ६ करोड ५० लाख ८९ हजार अनुमानित खर्च व्यवस्था गरिएको छ।

**छ. अनुमानित आम्दानी :**

आ.ब. ०७४/०७५ मा कर्जा तथा सापट बाट ब्याज आम्दानी तर्फ रु. ६ करोड ११ लाख ४ हजार अनुमान गरिएको छ। त्यसैगरी विविध आम्दानी तर्फ रु. १ करोड २० लाख गरी जम्मा अनुमानित आम्दानी रु. ७ करोड ३१ लाख ४ हजार हुने अनुमान गरिएको छ।

**ज. नाफा-नोक्सान स्थिति :**

उपरोक्त बमोजिम कुल अनुमानित आम्दानी रु. ७ करोड ३१ लाख ४ हजार बाट अनुमानित खर्च रकम रु. ६ करोड ५० लाख ८९ हजार कट्टा गर्दा अनुमानित नाफा रकम रु. ८० लाख १५ हजार रहन जाने देखिन्छ।

**झ. आ.ब. ०७४/०७५ को लागि अनुमानित सम्पत्ति बजेट :**

आ. ब. २०७४/०७५ मा संस्थाले सदस्य सेवा काउन्टर संचालन गर्ने योजना रहेको हुँदा अनुमानित रु २५ लाखको सम्पत्ति बजेट बिनियोजन गरिएको छ ।

## १३. आगामी ५ वर्षे योजना:

क) समान उद्देश्य भएका अन्य सहकारी संस्थासंग एकिकरण गरी सदस्य सेवा काउन्टर संचालन गर्ने ।

ख) संस्थालाई दिगो रुपमा संचालन गर्न र स्थायित्व प्रदान गर्न नेफस्कूनले अघि सारेको राष्ट्रिय स्तरको ब्राण्डिङ्ग प्रोगाम प्रोबेसन् मा संस्थालाई लैजाने ।

ग) सदस्य हितकोष नीतिलाई प्रभावकारी ढंगले लागू गर्ने ।

घ) सदस्यहरूलाई अनिवार्य नियमित मासिक बचतको लागि उत्प्रेरणा दिइदै नयाँ सदस्य वृद्धि तथा पुरानो सदस्यहरूलाई शेयर थपका लागि प्रोत्साहन गर्ने ।

ङ) सदस्यहरूलाई स्वास्थ्य उपचार तथा एम्बुलेन्स सेवाका लागि नयाँ योजना तयार गर्ने ।

च) संचालक समिति तथा अन्य उपसमिति सदस्यहरूलाई नेतृत्व विकास क्षमता अभिवृद्धि हुने कार्यक्रम संचालन गर्ने ।

## १४. धन्यवाद ज्ञापन:

अन्तमा संस्थालाई निरन्तर रुपमा सहयोग गरी रहनु हुने हाम्रा आदरणीय शेयरधनी सदस्यहरूलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । त्यसैगरी संस्था संचालनका लागि मार्गदर्शकको रुपमा रहेको सहकारी विभाग काठमाडौं, डिभिजन सहकारी कार्यालय काठमाडौं, संचालक समितिका पदाधिकारीहरू, लेखा समितिका पदाधिकारीहरू, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने व्यक्ति संघ संस्था एवं आ.व. २०७३/०७४ को लेखा परीक्षण प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउनु हुने लेखा परीक्षक श्री हरिकृष्ण श्रेष्ठ(एच. के. श्रेष्ठ एण्ड कम्पनी) र नेपाल सरकारको सम्बन्धित निकाय समेतलाई सहयोगको लागि स-धन्यवाद हार्दिक आभार प्रकट गर्न चाहन्छु । भविष्यमा पनि सबै क्षेत्रबाट सहयोग पाउने अपेक्षा गरेको छु । संस्था संचालनमा हरतरहले सहयोग पुऱ्याउनु हुने संस्थाका प्रबन्धक, अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु । साथै आजको यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि, बिशेष अतिथि, अतिथि, शेयर सदस्य महानुभावहरू र विभिन्न मिडियाबाट उपस्थित पत्रकार मित्रहरूमा समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु । अन्तमा लेखा परीक्षकद्वारा तयार पारिएको आ.व. २०७३/०७४ को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब लगायत अन्य वित्तिय विवरणहरू र संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्तावहरू अनुमोदनको लागि शेयरधनी सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।　　　　जय सहकारी ॥　　　　२०७४।०६।२८ गते शनिबार ।

**देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**नवौं वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट**
**संयोजकको आ.व. २०७३/०७४ को**

# वार्षिक प्रतिवेदन

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को नवौं वार्षिक साधारण सभाका सभापति ज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, संचालक समितिका सदस्यज्यूहरू, यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरू तथा अन्य आमन्त्रित सदस्यहरूमा यस संस्थाको नवौं वार्षिक साधारण सभाको अवसरमा हार्दिक स्वागत तथा सहकारी अभिवादन ।

## शेयर सदस्यमहानुभावहरु,

यस संस्थाले स्थापना देखि नै संस्था संचालनको मुल मन्त्र पद्धती (System) लाई लिएको हुँदा कारोबार संचालनमा जुन सहजता आएको छ त्यसलाई कायम राख्दै अगाडि बढ्नु पर्ने देखिन्छ। बैक तथा वित्तिय संस्थाहरूले जुन रुपमा बजारलाई ब्याज दर द्वारा नियन्त्रण गर्ने प्रयास गरिरहेका छन् त्यसबाट संस्थालाई पर्न सक्ने असर कम गर्न सहकारीको मेरुदण्डको रुपमा रहेको नियमित बचत र शेयर पूँजीलाई बढाउने तथा संख्यात्मक भन्दा गुणात्मक सदस्य वृद्धिमा ध्यान दिनु पर्ने देखिन्छ। ऋण लगानीमा विशेष सतर्कता, खराब कर्जा असुलीमा तिब्रता तथा ठूला निक्षेप भन्दा स-साना तर धेरै सदस्यहरूबाट निक्षेप संकलन गर्ने तर्फ अगाडि बढनु पर्ने देखिन्छ। यस संस्थाले गत आ.व.मा जुन किसिमको वित्तिय सफलता हासिल गरेको छ त्यसलाई आगामी वर्षहरूमा पनि कायम राख्न पद्धति तथा नियमनकारी निकायबाट प्राप्त निर्देशन र सुझावहरूलाई पालना गर्नुपर्ने देखिन्छ। साथै नयाँ सहकारी ऐन लागू भएपछि संस्थाले सो ऐन संग नबाझिने गरी आफ्नो विनियम तथा नियमावलीहरू संशोधन गर्दै संस्था संचालन गर्नु पर्ने देखिन्छ। आगामी दिनहरूका लागि लेखा समितिको तर्फबाट केही सुझावहरू पनि दिन चाहन्छु।

## लेखा समितिको सुझावहरू:

क) सस्थाको बचतको तुलनामा शेयर पूँजी कम भएकोले तत्काल शेयर पूँजी वृद्धि गर्नुपर्ने देखिन्छ। शेयर पूँजी वृद्धिको लागि विभिन्न कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ।

ख) नियमित बचत गर्न सदस्यहरुलाई प्रोत्साहित गर्नु पर्ने देखिन्छ।

ग) संचालक समिति, लेखा समिति तथा अन्य उपसमितिहरू र सदस्यहरू बीच समय समयमा संस्थाको गतिविधि, आगामी योजनाहरूका विषयमा अन्तरक्रिया कार्यक्रम गर्नुपर्ने देखिन्छ।

घ) संचालक समितिले ३ वर्षे रणनीतिक योजना तयार गरी लागू गर्नु पर्ने देखिन्छ।

ङ) संस्थाका पदाधिकारीहरू तथा कर्मचारीहरूको नेतृत्व क्षमता, कार्य दक्षता बढाउन तालिम, सेमिनार र भ्रमण जस्ता कार्यक्रममा सहभागी गराउने तथा त्यस्ता कार्यक्रम संस्था आफैले पनि संचालन गर्नुपर्ने सुझाव दिईन्छ ।

च) सहकारी विभागबाट भएको अनुगमनमा प्राप्त निर्देशनहरू, डिभिजन सहकारी कार्यालयको सुझाव तथा निर्देशन, लेखा समितिको सुझाव र लेखा परिक्षकको टिप्पणीलाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

अन्तमा यस समितिलाई आफ्नो काम सफलता पूर्वक सम्पन्न गर्न आवश्यक सहयोग प्रदान गर्नुहुने सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, सहकारी सम्बन्ध संघहरू, संचालक समिति, ऋण उप समिति, सम्पूर्ण शेयर सदस्य महानुभावहरू, प्रबन्धक, अधिकृत तथा सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।     जय सहकारी ॥

विमल विक्रम बानियाँ
संयोजक
लेखा समिति

# H. K. Shrestha & Co.

Cop. No.3062, Firm Registration No. 2798-Kha,
ICAN Member No. 3744
Registered Auditor- PAN 500204357


## देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**संचालक महानुभावहरू समक्ष**

## स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन

मैले यसै साथ संलग्न देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.को २०७४ आषाढ मसान्तसम्म को वासलात सो मितीमा समाप्त भएको आ.व.को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेको छु। वित्तीय विवरणहरू प्रतिको सम्पूर्ण उत्तरदायित्व व्यवस्थापनमा रहन्छ। व्यवस्थापनले तयार गरेका ती विवरणहरू उपर लेखापरीक्षणको आधारमा संलग्न आर्थिक विवरणहरू उपर अवधारण प्रस्तुत गर्नु मेरो उत्तरदायित्व हो।

लेखा परीक्षणको सिलसिलामा मैले प्रचलित लेखामान र लेखापरीक्षणमानलाई मध्य नजर राखी उक्त कार्य सम्पन्न गरेका छु। लेखा परीक्षणको योजना तथा कार्य सम्पादनबाट हामीले लेखाको आवश्यक खाता, कागजपत्रहरू र सैद्धान्तिक लेखा नितिको सहि व्यवस्थापन र पालना गरिएको छ छैन भन्ने अवधारण प्रस्तुत गरेका छौं। संस्थाको लेखा परीक्षण सम्पन्न गरि निम्नानुसार प्रतिवेदन पेश गरेको छु।

१) मैले लेखा परीक्षणको शिलशिलामा आवश्यक ठानी सोधनी तथा कैफियत गरेका कुराहरूको जवाफ एवं स्पष्टिकरणका साथै आर्थिक विवरणहरू सन्तोषजनक पाएं।

२) मेरो रायमा संस्थाले आफ्नो हिसाब किताब तथा लेखा सम्बन्धि श्रेस्ताहरू सहकारी ऐन २०४८ वमोजिम राख्नुको साथै अन्य आवश्यक प्रक्रियागत ढंगले राखेको पाइएको छ।

३) मेरो रायमा, हामीले जानेबुझे सम्म र हामीलाई उपलब्ध गराएका सुचनाहरू एवं स्पष्टिकरणको आधारमा संलग्न हिसाबले सो मा उल्लेखित टिप्पणीहरूको साथ अध्ययन गर्दा,

क. वासलातको सम्बन्धमा २०७४ आषाढ मसान्तसम्ममा संस्थाको आर्थिक अबस्थाको यथार्थ चित्रण गर्दछ।

ख. यस प्रतिवेदनसंग संलग्न नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणले उक्तअवधिमा भएको बचत तथा न्यून र नगद प्रवाहको यर्थाथ चित्रण गर्दछ।

४) हाम्रो विचारमा हामीले जानेबुझे सम्म तथा हामीलाई उपलब्ध गराएको स्पष्टिकरण र हामीले लेखा परिक्षण गरेका आधारमा संस्थाको संचालक समिति वा संचालक समितिको कुनै सदस्य वा संस्थाको कुनै कर्मचारीले ऐन कानुन विपरित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी हुने कार्य गरेको वा कुनै किसिमको आर्थिक हिनामिना गरेको वा नेपाल सरकार, सहकारी विभागको निर्देशन विपरीत वा संस्था र निक्षेपकर्ताहरूको हित र सुरक्षामा आघात पर्ने कुनै काम गरेको हाम्रो जानकारीमा छैन।

रजिर्ष्टड लेखापरीक्षक
हरिकृष्ण श्रेष्ठ
एच.के. श्रेष्ठ एण्ड कं

मिती : २०७४।०५।२५
सहि गरेको ठेगाना : लाजिम्पाट, काठमाडौं


Address: Balkot-02, Bhaktapur Phone No. 4428507, 4005089, 9851047942
Mailing address: hari_krishna_shrestha@yahoo.co

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौं**

**२०७४ आषाढ मसान्तमा स्थिति विवरण पत्र**

## (वासलात)

| पुंजि तथा दायित्व | अनुसुची | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| शेयर पूंजी | ५ | २४,९६८,२००.०० | २०,१०५,१००.०० |
| जगेडा कोष | १ | ६,९६०,६६६.८० | ५,३५३,००७.८७ |
| अन्य कोष | २ | ५,९०३,०६१.४६ | २,५६४,०९८.३७ |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | २ | ४,३१०,०२९.३६ | ३,०१७,०७७.५३ |
| निक्षेप दायित्व | ६ | ४५६,६८५,९४१.७८ | ४०६,९५५,१३०.९४ |
| तिर्न बांकी ऋण तथा कर्जा सापटी | | - | - |
| अन्य दायित्व, भुक्तानी दिनुपर्ने हिसाब | ८ | १२,७६८,३७१.४० | ६,३४८,९६३.६२ |
| आयकर व्यवस्था | ७ | १,४७७,५४२.९७ | ६०७,३३६.५५ |
| जम्मा | | ५१३,०७३,८१३.७७ | ४४४,९५०,७१४.८८ |
| | | | |
| **सम्पत्ती** | **अनुसुची** | **यस आ.व. रु.** | **गत आ.व. रु.** |
| नगद मौज्दात | ९ | ३,७०७,०६३.०० | ३,१४५,९१३.०० |
| बैंक मौज्दात | १० | ७४,१३६,५३८.४८ | १००,७८०,४९३.४६ |
| सहकारी बैंक तथा संघमा लगानी | ११ | १,२३६,०००.०० | १,०३६,०००.०० |
| सदस्यहरुसंग बांकी ऋण | १२ | ४०३,०१६,२७१.९२ | ३१५,३५३,८२३.२५ |
| पेश्की, सापटी तथा धरौटी र पाउनु पर्ने हिसाब | १३ | ८,७७७,०६७.४९ | २,६८३,९००.६१ |
| स्थिर सम्पत्ती | ४ | २१,६७८,८१०.३७ | २१,५७०,१४७.५० |
| अन्तिम सामग्री मौज्दात | १४ | ५,२२,०६२.५१ | ३८०,४३७.०७ |
| जम्मा | | ५१३,०७३,८१३.७७ | ४४४,९५०,७१४.८८ |

प्रमुख लेखा नीति तथा टिप्पणीहरू

१ देखि १४ सम्मका अनुसुचीहरू स्थिति विवरण पत्रका अभिन्न अंग हुन् ।

२० हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ** |
| | | | एच.के श्रेष्ठ एण्ड कं |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ

२०७३ साल श्रावण १ गतेदेखि २०७४ आषाढ मसान्तसम्मको

## आय विवरण

| विवरण | अनुसुची | यस आ.व. रु | गत आ.व. रु |
|---|---|---|---|
| व्याज आम्दानी | १५ | ५४,५५४,५७१.२६ | ४२,५८८,६१२.०९ |
| व्याज खर्च | १६ | (३९,९३८,८१८.८३) | (३३,०९९,३२८.४३) |
| **मोटामोटी वचत (नोक्सानी)** | | १४,६१५,७५२.४३ | ९,४८९,२८३.६६ |
| अन्य सञ्चालन आम्दानी | १७ | ८,७६०,५०९.५४ | ६,१६१,५१९.६६ |
| विविध आम्दानी | | - | - |
| **कुल सञ्चालन वचत (नोक्सानी)** | | २३,३७६,२६१.९७ | १५,६५०,८०३.३२ |
| कर्मचारी खर्च | १८ | (७,६६४,५५१.६३) | (७,५४९,५०१.९३) |
| अन्य सञ्चालन तथा प्रसासनिक खर्च | १९ | (४,६३६,९२०.५६) | (३,४३१,७१८.४०) |
| ह्रास खर्च | ४ | (१,२८७,१३४.१२) | (६७३,३३१.२६) |
| **सम्भावित नोक्सानी ब्यवस्था अघिको सञ्चालन वचत (नोक्सानी)** | | ९,७८७,६५५.६६ | ३,९९६,२५१.७३ |
| सम्भावित नोक्सानी ब्यवस्था | | (१,२९२,९५१.८३) | (३,०१७,०७७.५३) |
| **सञ्चालन वचत(नोक्सानी)** | | ८,४९४,७०३.८६ | ९७९,१७४.२० |
| गैर सञ्चालन आम्दानी (नोक्सानी) | | (२८६,१३१.७९) | - |
| सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | | - | २,३९४,९१७.७५ |
| **सम्पुर्ण कारोवार समावेस पछिको खुद मुनाफा** | | ८,२०८,५७२.०४ | ३,३७४,०९१.९५ |
| कर्मचारी बोनस तथा अन्य व्यवस्था | | (८२०,८५७.२०) | (३३७,४०९.१९) |
| आयकर अघिको नाफा | | ७,३८७,७१४.८४ | ३,०३६,६८२.७५ |
| आयकर व्यबस्था | ७ | (१,४७७,५४२.९७) | (६०७,३३६.५५) |
| यस वर्षको | | - | - |
| गत वर्षसम्मको | | - | - |
| स्थगन (डेफर्ड) आयकर आम्दानी (खर्च) | | - | - |
| कर भुक्तानीमा तिरेको व्याज तथा जरिवाना | | - | - |
| **खुद वचत (घाटा)** | | ५,९१०,१७१.८७ | २,४२९,३४६.२० |

नं. १५ देखि १९ सम्मका अनुसुचीहरू आय विवरणका अभिन्न अंग हुन् । हाम्रो सोही मितिको संलग्न प्रतिवेदन अनुसार

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिर्ष्टड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ** |
| | | | एच.के श्रेष्ठ एण्ड कं |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ**

**इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण २०७४**

| विवरण | शेयर पुंजी | सञ्चित बचत (घाटा) | जगेडा कोष | पुन मुल्यांकन कोष | शेयर प्रिमियम | सटहि घटबढ | थगन कर | अन्य कोष | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| मौज्दात असाढ २०७३।०७४ | २०,१०५,१००.०० | - | ५,३५३,००७.८७ | - | - | - | - | ५,५८१,१७५.९० | ३१,०३९,२८३.७७ |
| लेखा नीतिमा परिवर्तन | - | - | - | - | - | - | - | - | - |
| पुनर्स्थापित मौज्दात | २०,१०५,१००.०० | - | ५,३५३,००७.८७ | - | - | - | - | ५,५८१,१७५.९० | ३१,०३९,२८३.७७ |
| समायोजन | - | - | - | - | - | - | - | - | - |
| सम्पति पुनर्मूल्यांकन बचत (घाटा) | - | - | - | - | - | - | - | - | - |
| आय विवरणमा समावेश नगरि एको नाफा (नोक्सान) | - | - | - | - | - | - | - | - | - |
| यस वर्षको खुद नाफा | - | ५,९१०,१७१.८९ | - | - | - | - | - | - | ५,९१०,१७१.८९ |
| लाभांश | - | (३३,७०,०००.००) | - | - | - | - - | - | - | (३,३७०,०००.००) |
| शेयर पूंजी थप | ४,८६३,१००.०० | - | - | - | - | - | - | - | ४,८६३,१००.०० |
| साधारण जगेडा कोष | - | (१,४७७,५४२.९७) | १,४७७,५४२.९७ | - | - | - | - | ४,४३२,६२८.९० | ४,४३२,६२८.९० |
| अन्य कोष | - | (१,०६२,६२८.९०) | १३०,११५.९६ | - | - | - | - | ३,५६९,२८६.०३ | २,६३६,७७३.०९ |
| मौज्दात असाढ २०७३।०७४ | २४,९६८,२००.०० | ०.०२ | ६,९६०,६६६.८० | - | - | - | - | १३,५८३,०९०.८३ | ४५,५११,९५७.६५ |

| | | | |
|---|---|---|---|
| प्रबन्धक<br>**प्रविण सिलवाल** | उपाध्यक्ष<br>**बेली मैया घले** | अध्यक्ष<br>**राम नारायण घिमिरे** | रजिर्ष्टड लेखापरीक्षक<br>**हरि कृष्ण श्रेष्ठ**<br>एच.के श्रेष्ठ एण्ड कं |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ

**२०७३ साल श्रावण १ गतेदेखि २०७४ आषाढ ३१ गते सम्म**

## नगद प्रवाह विवरण

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| **कार्यसिल पूंजी परिवर्तन अघिको सञ्चालन गतिविधीबाट नगद प्रवाह** | | |
| आयकर व्यवस्था अगाडीको नाफा | ७,३८७,७१४.८६ | ३,०३६,६८२.७६ |
| आयकर तथा असाधारण आम्दानी खर्च अगाडीको खुद नाफा समायोजन | | |
| जोड्ने (+) | | |
| स्थीर सम्पत्ती विक्रीमा नोक्सान | - | - |
| ह्रासकट्टी | १,२८७,१३४.१३ | ६७३,३३१.२६ |
| कर्मचारी बोनस कोष | ८२०,८५७.२० | ३३७,४०९.१९ |
| सम्भावित कर्जा नोक्सानी व्यवस्था | १,२९२,९५१.८३ | ३,०१७,०७७.५३ |
| घटाउने (- ) | | |
| स्थिर सम्पत्ति विक्रीमा नाफा | - | - |
| **कार्यसिल पूंजी परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | १०,७८८,६५७.९९ | ७,०६४,५००.७४ |
| १) चालू सम्पत्तिमा भएको कमी (बृद्धि) | (१,४१,६२५.४४) | १५,९९८.४५ |
| २) चालू दायित्वमा भएको वृद्धि (कमी) | ६,४१९,४०७.७८ | (३,०९९,८३४.२२) |
| ३) पेश्की, सापटी तथा धरौटीमा भएको कमी (वृद्धि) | (६०,९३,१६६.८८) | ७,७४४,५०८.९२ |
| ४) कर भुक्तानी | (६०७,३३६.५५) | (५७०,०८३.८०) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | १०,३६५,९३६.९० | ११,१५५,०९०.०९ |
| ख. लगानी कारोबारको नगद प्रवाह | | |
| स्थिर सम्पत्ति (खरीद) विक्री | (१,३९५,७९७.००) | (८,६४४,००३.६४) |
| सम्पत्ती समायोजन | - | - |
| दीर्घकालिन लगानीबाट प्राप्त आम्दानी | - | - |
| लगानी | (२००,०००.००) | (१०,०००.००) |
| **लगानी कारोबारको कुल नगद प्रवाह (ख)** | (१,५९५,७९७.००) | (८,६५४,००३.६४) |
| ग. वित्तिय कारोबारबाट नगद प्रवाह | | |
| निक्षेपमा (कमी) वृद्धी | ४९,७३०,८१०.८४ | १००,२५२,०७४.८० |
| शेयर पूंजी (कमी) वृद्धी | ४,८६३,१००.०० | ४,६२०,३००.०० |
| ऋण तथा सापटी रकममा भएको (कमी) वृद्धी | (८७,६६२,४४८.६७) | (८६,४१४,५१७.४६) |
| अन्य कोषमा (कमी) वृद्धी | (९२,५१३.३६) | ५२१,८८२.११ |
| लाभांस भुक्तानी | (१,६९१,८९३.६९) | (१,४८१,६६१.६९) |
| **वित्तिय कारोबारबाट कुल नगद प्रवाह (ग)** | (३४,८५२,९४४.८८) | १७,४९८,०७७.७६ |
| **यस वर्षको सम्पूर्ण गतिविधीबाट नगद प्रवाह (क+ख+ग)** | (२६,०८२,८०४.९८) | १९,९९९,१६४.१२ |
| नगद तथा बैकमा रहेको शुरु मौज्दात | १०३,९२६,४०६.४६ | ८३,९२७,२४२.३४ |
| **नगद तथा बैकमा रहेको अन्तिम मौज्दात** | ७७,८४३,६०१.४८ | १०३,९२६,४०६.४६ |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा.-५, दाउरा डिपो, काठमाडौ

## २०७४ आषाढ मसान्तसम्मको लेखासंग सम्बन्धीत अनुसूचीहरू

### जगेडा कोष

अनुसूची १

| विवरण | नाफाबाट बांडफांड | यसवर्ष जम्मा थपघट | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|---|
| जगेडा कोष | १,४७७,५४२.९७ | १३०,११५.९६ | ६,९६०,६६६.८० | ५,३५३,००७.८७ |
| जम्मा | १,४७७,५४२.९७ | १३०,११५.९६ | ६,९६०,६६६.८० | ५,३५३,००७.८७ |

### अन्य कोष

अनुसूची २

| विवरण | नाफाबाट बांडफांड | यसवर्ष जम्मा थपघट | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|---|
| शेयर लाभांश कोष | ३,३७०,०००.०० | १,६८४,५००.०० | ३,३७०,०००.०० | १,६८५,५००.०० |
| संरक्षित पूंजि फिर्ताकोष | २००,०००.०० | (१५,०००.००) | २००,०००.०० | १५,०००.०० |
| कर्मचारी बोनस कोष | ८२०८५७.२० | ४८२,९४३.८५ | ८२२,५६७.६९ | ३३९,६२३.८५ |
| सहकारी विकाश कोष | १६२,६२८.९० | (१५,०००.००) | १६२,६२८.९० | १५,०००.०० |
| सहकारी शिक्षा तथा तालिम कोष | २००,०००.०० | (३१,५०९.६५) | २००,०००.०० | ३१,५०९.६५ |
| सहकारी संस्था स्थिरीकरण कोष | १५०,०००.०० | (१५,०००.००) | १५०,०००.०० | १५,०००.०० |
| घाटा पूर्तिकोष | २००,०००.०० | (१५,०००.००) | २००,०००.०० | १५,०००.०० |
| डुबन्त ऋण कोष | १५०,०००.०० | (४५,०००.००) | १५०,०००.०० | ४५,०००.०० |
| सदस्य हित कोष | - | २४५,४००.०० | ६४७,८६४.८७ | ४०२,४६४.८७ |
| जम्मा | ४,४३२,६२८.९० | २,२७६,३३४.२० | ५,९०३,०६१.४६ | २,५६४,०९८.३७ |
| जोखिम बेर्होर्ने कोष | - | १,२९२,९५१.८३ | ४,३१०,०२९.३६ | ३,०१७,०७७.५३ |
| | - | १,२९२,९५१.८३ | ४,३१०,०२९.३६ | ३,०१७,०७७.५३ |

## तिर्न बांकी ऋण तथा कर्जा सापटी

अनुसूची ३

| विवरण | यस आ.व. रु. | | गत आ.व. रु. | |
|---|---|---|---|---|
| | भाका नाघेको | भाका ननाघेको | भाका नाघेको | भाका ननाघेको |
| क वर्गका वाणिज्य बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | – | – | – | – |
| ख वर्गका विकास बैक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | – | – | – | – |
| ग वर्गका बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | – | – | – | – |
| घ वर्गका बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | – | – | – | – |
| राष्ट्रिय सहकारी बैकबाट लिएको ऋण रकम | – | – | – | – |
| अन्य सहकारी तथा वित्तिय संघबाट लिएको ऋण रकम | – | – | – | – |
| जम्मा | – | – | – | – |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. -५, दाउरा डिपो, काठमाडौ

## २०७४ आषाढ मसान्तसम्मको लेखासंग सम्बन्धीत अनुसूचीहरू

### शेयर पूँजी

अनुसूची ५

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| गत आ.व सम्मको शेयर पूँजी | २०,१०५,१००.०० | १५,४८४,८००.०० |
| यस आ. व. मा थप शेयर रकम | ५,३१३,१००.०० | ४,८३८,६००.०० |
| यस आ.वमा फिर्ता शेयर रकम | (४५०,०००.००) | (२१८,३००.००) |
| कुल शेयर पूँजी | २४,९६८,२००.०० | २०,१०५,१००.०० |

### निक्षेप दायित्व

अनुसूची ६

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| नियमित बचत | ७,२५१,०३५.४२ | ५,७०२,५८७.५९ |
| साधारण बचत | ६७,२४२,३०१.७९ | ७२,५५८,२९०.६१ |
| सदस्य सेवा बचत | ३,३६३,३९४.८७ | ७५०,३७१.४८ |
| बाल शैक्षिक बचत | २२,६०४,६०९.१५ | १७,०७३,१८६.०३ |
| सुनौलो बचत | ४०,६४२,५६८.४१ | १८,७८४,५४७.८३ |
| देवदर्शन बिशेष बचत | ७८,१८५,०३६.९० | ६१,६२६,४६८.३४ |
| नारी उत्थान बचत | ८५९,९०७.३१ | ८३५,७४७.१६ |
| देवदर्शन पेन्सन बचत ३ वर्षे | ८५,६०३,०००.०० | ९३,५६८,०००.०० |
| लघु बोनस अवधि | ३४२,८६२.०४ | २९१,६५९.२६ |
| पेन्सन बचत | - | - |
| संचयकोष बचत | ८३,४६६.२२ | ६६,२७१.५० |
| कल डिपोजित | ३८,३५२,६५१.०७ | ३५,०२५,५७४.४८ |
| चालू (कर्जा संकलन) | ५,००६,३०७.३९ | ११,३४४,९९९.६८ |
| आवधिक बचत | ९१,०३२,०५५.०० | ७४,०४४,४३०.०० |
| अवधि बचत | ११,९१३,८९१.४४ | १०,७७९,७७४.१५ |
| बोनस अवधि बचत | ४,१८९,२०१.५७ | ४,४९८,६६८.७६ |
| नागरीक लगानी कोष | १३,६५३.२० | ४,५५४.०७ |
| जम्मा | ४५६,६८५,९४१.७८ | ४०६,९५५,१३०.९४ |

## आयकर व्यवस्था

अनुसूची ७

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| आयकर व्यवस्था | १,४७७,५४२.९७ | ६०७,३३६.५५ |
| जम्मा | १,४७७,५४२.९७ | ६०७,३३६.५५ |

## अन्य दायित्व हिसाब तथा व्यवस्था

अनुसूची ८

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| भुक्तान बांकी ब्याज | ४,३२६,५९९.६६ | ४,३४२,११२.९५ |
| प्रभू म्यानेजमेन्ट प्रा. लि. | २१,०२५.०० | ५७०.०० |
| आई एम इ | (१६,४९०.००) | (४०,९३६.००) |
| लेखापरीक्षण शुल्क | ७५,०००.०० | ५०,०००.०० |
| कर्मचारी विदा कोष | ३४०,७८७.०२ | ३४०,७८७.०२ |
| उपदान कोष | ८२०,१९१.४१ | ६४५,७१०.४१ |
| व्याज मुल्तवी | ६,५१४,५१५.२५ | ७१५,६८७.८५ |
| व्याज कर | ५५८,७६२.५९ | २७०,५६४.४७ |
| धरौटी | ५,५००.०० | ८,०००.०० |
| भुक्तान बांकी सामाजिक सुरक्षाकर | १२१,२५०.४७ | - |
| भुक्तान बांकी करकट्टी | १,२३०.०० | १६,४६६.९२ |
| जम्मा | १२,७६८,३७१.४० | ६,३४८,९६३.६२ |

## नगद मौज्दात

अनुसूची ९

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| नगद मौज्दात | ३,७०७,०६३.०० | ३,१४५,९१३.०० |
| जम्मा | ३,७०७,०६३.०० | ३,१४५,९१३.०० |

## बैंक मौज्दात

अनुसूची १०

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| **क वर्गका वाणिज्य बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| नेपाल क्रेडिट एण्ड कर्मस बैंक लि. | ११,९८३,३३६.०८ | २३,५१०,२८४.९७ |
| एभरेष्ट बैंक लि. | ७,५८०,२७२.१५ | १०,४६०,६१८.१० |
| सिद्धार्थ बैंक लि. | १०,४९९,३३०.२३ | ३०,७२७,६५८.८६ |
| ग्लोबल आइ एम इ बैंक लि. | २४,६०२,६५४.४९ | १३,०९६,९३५.०८ |
| **ख वर्गका विकास बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| राष्ट्रिय सहकारी बैंक लि. | १०,४५५,०२५.४० | २१,९५१,८९७.९५ |
| **ग वर्गका बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| **घ वर्गका बैंक तथा वित्तिय संस्थामा भएको रकम** | | |
| नेफ्स्कून | ७,९२७,५६६.१८ | - |
| नेफ्स्कून (नियमित) | ३३,०३६.२३ | २४,०००.०० |
| कास्कून | ५४२,८३८.६९ | ५०३,०३२.५५ |
| कास्कून (नियमित) | १२,४७९.०३ | ६,०६५.९५ |
| आइ एम इ को अपरेटिभ | ५००,०००.०० | ५००,०००.०० |
| जम्मा | ७४,१३६,५३८.४८ | १००,७८०,४९३.४६ |

## व्यवसायिक लगानी

अनुसूची ११

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| राष्ट्रिय सहकारी बैंक लि. | १०,०००.०० | १०,०००.०० |
| नेफ्स्कून | ११,०००.०० | ११,०००.०० |
| जिल्ला सहकारी संघ लि. | ५,०००.०० | ५,०००.०० |
| उपकार चाउचाउ | १,०००,०००.०० | १,०००,०००.०० |
| कास्कून | १०,०००.०० | १०,०००.०० |
| अन्य | २००,०००.०० | - |
| जम्मा | १,२३६,०००.०० | १,०३६,०००.०० |

## सदस्यहरुसंग बाँकी लगानी

अनुसूची १२

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| घरायसी कर्जा | १४,३१७,८७८.१६ | १६,५७९,३४२.८९ |
| लघु कर्जा (सा.ज.) | ३५,८३७,१७१.७९ | ३९,६३८,५००.७९ |
| हायर पर्चेज कर्जा | ४५,०६१,०५२.८७ | ३५,८६३,२२०.२८ |
| आवधीक रसीद धितो कर्जा | ६,८९८,४२४.२१ | ४,७६२,८५९.०० |
| छोटो अवधि कर्जा | ३८,८०९,५५२.५९ | २३,०१२,८४७.०७ |
| लघू कर्जा | १७,४२०,१३३.९७ | २४,२४०,०१०.८६ |
| व्यवसायिक धितो कर्जा | २४४,६७२,०५८.३३ | १७१,२५७,०४२.३६ |
| जम्मा | ४०३,०१६,२७१.९२ | ३१५,३५३,८२३.२५ |

## पेश्की सापटी तथा धरौटी र पाउनुपर्ने हिसाब

अनुसूची १३

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| अन्य पेश्की | ११४,०३४.०० | १८,८६३.०० |
| प्रशासनिक पेश्की | ४११,८६४.०० | ७६,८५५.०० |
| कर्मचारी पेश्की | ७१,०००.०० | ८४,०००.०० |
| पाउनुपर्ने व्याज | ६,५१४,५१५.२५ | ७१५,६८७.८५ |
| प्रभू म्यानेजमेन्ट प्रा. लि. (धरौटी) | १००,०००.०० | १००,०००.०० |
| अग्रीम भुक्तानी हिसाब | १,५५५,७५४.२४ | १,६७८,५९४.७६ |
| धरौटी | ९००.०० | ९००.०० |
| धरौटी टेलिफोन | ९,०००.०० | ९,०००.०० |
| जम्मा | ८,७७७,०६७.४९ | २,६८३,९००.६१ |

## अन्तिम सामाग्री मौज्दात

अनुसूची १४

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| फूटकर टिकाउ | ५७२०४.४० | ७६,२२४.८१ |
| मसलन्द मौज्दात | ४६४,८५८.११ | ३०४,२१२.२६ |
| जम्मा | ५,२२,०६२.५१ | ३८०,४३७.०७ |

## ब्याज आम्दानी

अनुसूची १५

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| **ब्याज आम्दानी (ऋण)** | | |
| आवधिक रसिद धितो कर्जा | १,०७३,७३६.३५ | ८७४,४९४.३० |
| हायर पर्चेज कर्जा | ३,९३९,१०७.२३ | ३,८९२,७७९.८३ |
| व्यवसायिक धितो कर्जा | ३२,२८६,९९०.९९ | १९,२८५,९८७.४० |
| घरायसी कर्जा | २,२४८,२४७.१६ | १,७७७,११६.८७ |
| छोटो अवधि कर्जा | ३,१०६,३५३.७१ | ३,८३२,३३५.५२ |
| सहूलियत कर्जा | – | १६,९६३.८६ |
| लघू कर्जा (सा.ज.) | ६,८३९,१३०.६१ | २,९२३,९९७.५२ |
| लघू कर्जा | १,८२६,७७०.०३ | ७,६५१,१६१.८० |
| अस्थायी बसोबास कर्जा | – | ८,८५८.८१ |
| **ब्याज आम्दानी (बैंक)** | | |
| व्याज आम्दानी (बैक) | ३,२३४,२३५.१८ | २,३२४,९१६.१८ |
| जम्मा | ५४,५५४,५७१.२६ | ४२,५८८,६१२.०९ |

## ब्याज खर्च

अनुसूची १६

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| आवधिक बचत व्याज खर्च | ९,३३१,१४२.४२ | ५,२७६,८२१.९० |
| नियमित अवधि बचत व्याज खर्च | ७१५,३३२.८१ | ९२६,६२६.३६ |
| नागरीक लगानी कोष व्याज खर्च | ९,५७८.०६ | ४,७९३.७३ |
| साधारण वचत व्याज खर्च | ४,७८२,४७७.१६ | ४,०६७,०२८.३१ |
| सदस्य सेवा बचत व्याज खर्च | १३,३६९.२६ | ७१६.५४ |
| देव दर्शन विशेष बचत व्याज खर्च | ३,९१२,८५४.९२ | ३,२२४,६२६.९९ |
| कल डिपोजित व्याज खर्च | १,९५४,१९६.४० | २,१८३,६५२.३२ |
| बाल शैक्षिक बचत व्याज खर्च | २,१३६,९११.७५ | १,५२८,९०९.३० |
| देव दर्शन पेन्सन बचत | १३,०५०,२८३.०४ | १२,७०४,२९१.६२ |
| नारी उत्थान बचत व्याज खर्च | ६८,२८४.३४ | ६७,८०३.१८ |
| संचयकोष बचत व्याज खर्च | २०,७३५.४० | १४,५८१.९३ |
| लघु बोनस अवधि बचत व्याज खर्च | २३,५५६.४८ | ७६,२५८.५३ |
| सुनौलो बचत | २,६६५,९००.६४ | १,५१४,१००.४२ |
| अवधि बचत | ९५६,२७७.९६ | ८६२,६२२.१२ |
| बोनस अवधि बचत | २९७,९१८.१९ | ६४६,४९५.१८ |
| जम्मा | ३९,९३८,८१८.८३ | ३३,०९९,३२८.४३ |

## अन्य संचालन आम्दानी

अनुसूची १७

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| प्रकृयागत शुल्क | ४,४४८,९२३.०० | ३,३२६,५५१.०० |
| कर्जा फाराम शुल्क | ३५,७००.०० | ३७,०००.०० |
| सदस्य शुल्क | ३९,७००.०० | २६,८००.०० |
| खाता बन्द शुल्क | १३,०६१.५३ | १६,०७६.६३ |
| फिल्ड निरीक्षण शुल्क | ४८,७००.०० | ५३,८००.०० |
| कर्जा नविकरण | २,६००,१८९.८७ | १,४६०,९१६.०० |
| व्यवसाय मुल्यांकन शुल्क | २१९,२००.०० | २८४,१००.०० |
| धितो मुल्यांकन शुल्क | ६३८,८००.०० | ३७६,८३५.०० |
| अग्रीम भुक्तान | १०,८००.०० | ६,१००.०० |
| शेयर लाभांश आम्दानी | २,३४२.५२ | १,२३५.०० |
| व्यवस्थापकिय शूल्क | ५२५,९००.०० | ५१५,२००.०० |
| विविध आम्दानी | १६१,१६७.६२ | ५४,६५६.०३ |
| घरभाडा आम्दानी | १६,०२५.०० | २,२५०.०० |
| जम्मा | ८,७६०,५०९.५४ | ६,१६१,५१९.६६ |

## कर्मचारी खर्च

अनुसूची १८

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| तलब तथा भत्ता | ६,३५२,००९.९३ | ६,२३१,३१८.५१ |
| दशैं खर्च | ३९२,३१२.०० | ३८८,६००.०० |
| कर्मचारी विदा | १०१,९५३.३० | १४९,८७३.४२ |
| कर्मचारी औषधी उपचार | ४००,५६२.०० | ३८८,९००.०० |
| कर्मचारी संचयकोष | ४०१,२१४.४० | ३८९,६१०.०० |
| कर्मचारी प्रोत्साहन | १६,५००.०० | १,२००.०० |
| जम्मा | ७,६६४,५५१.६३ | ७,५४९,५०१.९३ |

## प्रशासनिक खर्च

अनुसूची १९

| विवरण | यस आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|
| संस्था विकास तथा प्रर्बधन खर्च | - | ४९,१५०.०० |
| सहकारी वार्षिकोत्सव खर्च | १११,०१४.०० | ११०,६४९.०० |
| बिद्यूत तथा पानी महसुल | २०३,५१६.०० | २२,५६४.०० |
| मर्मत संभार खर्च | ११७,८४५.०० | १३७,७९५.०० |
| विमा खर्च | १०२,२४३.०० | ७२,८९५.७० |
| टेलिफोन, इमेल, हूलाक महसूल | ५९,२१५.०० | ७१,४१८.०० |
| मसलन्द तथा छपाइ खर्च | १५५,५६१.१५ | १९८,८००.२० |
| सवारी इन्धन खर्च | ३२९,४५८.०० | ३३५,२१४.५० |
| अतिथि सत्कार खर्च | ६९२६३.०० | १५,८९९.०० |
| कार्यालय चियापान तथा खाजा खर्च | ६०७६५.०० | ४६,३८८.०० |
| सरसफाइ खर्च | १६,५४४.०० | १२,९५२.०० |
| शूल्क, दस्तुर तथा नविकरण खर्च | ३५,७४०.०० | ७,३५५.०० |
| आर्थिक सहयोग खर्च | ४६,९१८.०० | २४,५००.०० |
| कर्मचारी उपदान खर्च | १७४,४८१.०० | १७३,४५०.०० |
| कर्मचारी तालीम खर्च | ७,०२०.०० | ४०,५६०.०० |
| लेखापरीक्षण शुल्क | ७५,०००.०० | ७५,०००.०० |
| कार्यालय पोशाक खर्च | ६७,१२०.०० | २३९,४००.०० |
| पत्रपत्रिका खर्च | ४,७००.०० | ४२,६०५.०० |
| वार्षिक साधारणसभा खर्च | १,९२१,३४५.०० | ५५१,६१६.०० |
| बैठक भत्ता | १२५,०००.०० | १६५,५००.०० |
| क्यालेण्डर छपाइ तथा वितरण खर्च | २७१,२००.०० | ६३१,०६३.०० |
| विविध उत्सव तथा समारोह | २९८,९०३.०० | २३७,७१७.०० |
| धारा जडान खर्च | - | ४९,६६०.०० |
| सल्लाहकार भत्ता | ९८,४००.०० | ६५,६००.०० |
| निर्वाचन भत्ता | ७०,०००.०० | - |
| विविध खर्च | १९८,३६९.४१ | ५३,९६७.०० |
| व्यवसायिक प्रर्वधन खर्च | १७,३००.०० | - |
| जम्मा | ४,६३६,९२०.५६ | ३,४३१,७१८.४० |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रागिरि न.पा. -५, दाउरा डिपो, काठमाडौं

## अचल सम्पत्तिको विवरण

अनूसुची ४

| विवरण | सुरु मौज्दात | थप खरिद | बिक्री समायोजन | ह्रास योग्य सम्पत्ति | ह्रास कट्टी दर | गत वर्षसम्मको ह्रासकट्टी | यस वर्षको ह्रासकट्टी | जम्मा ह्रासकट्टी | पूजिकरण गरि एको सम्पत्ति मुल्य | अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | | | | | | |
| ह्रासकट्टी नहुने सम्पत्ती | | | | | | | | | | |
| जग्गा | ४,७२८,२८४.०० | - | - | ४,७२८,२८४.०० | | - | - | - | - | ४,७२८,२८४.०० |
| समूह-क | | | | | ५% | | | | | |
| भवन तथा निर्माण | १५,५२४,३५६.२३ | - | - | १५,५२४,३५६.२३ | | - | ७७६,२१७.८१ | ७७६,२१७.८१ | - | १४,७४८,१३८.४२ |
| समूह-ख | | | | | २५% | | | | | |
| काठ तथा धातु फर्निचर | २१३,५७७.७२ | - | - | २१३,५७७.७२ | (WDV) | ३३५,२७१.६९ | ५३,३९४.४४ | ३८८,६६६.१२ | - | १६०,१८३.२८ |
| कम्प्युटर तथा एक्सेसरिज | ३१६,६६७.२८ | - | - | ३१६,६६७.२८ | | २७५,३९३.५५ | ७९,१६६.८२ | ३५४,५६०.३७ | - | २३७,५००.४६ |
| कार्यालय पार्टिशन | ३०४,२९२.४० | - | - | ३०४,२९२.४० | | ५५५,९९१.०६ | ७६,०७३.११ | ६३२,०६४.१६ | - | २२८,२१९.२९ |
| कार्यालय सामान | ३७४,७७८.९२ | ४२,१७७.०० | - | ४१६,९५५.९२ | | १९८,३७२.४८ | ९८,२६४.१४ | २९६,६३६.६३ | - | ३१८,६९१.७८ |
| समूह-ग | | | | | २०% | | | | | |
| मोटरसाइकल ५८४८ | ७०,२५१.८६ | - | - | ७०,२५१.८६ | (WDV) | ८३,६९८.५१ | १४,०५०.३७ | ९७,७४८.८८ | - | ५६,२०१.४९ |
| मोटरसाइकल ९००३ | - | १५२,६५५.७८ | १५२,६५५.७८ | - | | - | - | - | - | - |
| मोटरसाइकल ४३०२ | - | ११८,८५७.५० | ११८,८५७.५० | - | | - | - | - | - | - |
| मोटरसाइकल ४१५५ | - | १२९,६१८.५० | १२९,६१८.५० | - | | - | - | - | - | - |
| मारुती भ्यान | - | १,३५३,६२०.०० | - | १,३५३,६२०.०० | | - | १८०,४८२.६७ | १८०,४८२.६७ | - | १,१७३,१३७.३३ |
| समूह-घ | | | | | १५% | | | | | |
| सोलार | - | - | - | - | (WDV) | - | - | - | - | - |
| समूह-ङ | | | | | २५% | | | | | |
| सफ्टवेयर | ३७,९३९.०९ | - | - | ३७,९३९.०९ | (WDV) | ६९,३२०.८० | ९,४८४.७७ | ७८,८०५.५७ | - | २८,४५४.३२ |
| जम्मा | २१,५७०,१४७.५० | १,७९६,९२८.७८ | ४०१,१३१.७८ | २२,९६५,९४४.५० | | १,५१८,०४८.०९ | १,२८७,१३४.१२ | २,८०५,१८२.२१ | - | २१,६७८,८१०.३७ |

नोटः आयकर एन २०५८ अनुसार राखिएको छ। ह्रसकट्टी दर व्यवस्थापक आफैले राख्न सक्नेछन्।

| प्रबन्धक | उपाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड लेखापरीक्षक |
|---|---|---|---|
| **प्रविण सिलवाल** | **बेली मैंया घले** | **राम नारायण घिमिरे** | **हरि कृष्ण श्रेष्ठ** |
| | | | एच.के श्रेष्ठ एण्ड कं |

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**चन्द्रागिरि न.पा-५, दाउरा डिपो, काठमाडौ**

**आर्थिक वर्ष २०७३।२०७४ को**

## लेखा नीति तथा तत्सम्बन्धि टिप्पणीहरू

अनुसुची २०

## प्रमुख लेखा नीतिहरू

### संस्था सम्बन्धि सामान्य जानकारी

यस देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अर्न्तगत डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता भएको संस्था हो। यस संस्थाको कार्यालय चन्द्रागिरि न.पा ०५, दाउरा डिपो, काठमाडौं रहेको छ। यस संस्था आयकरमा २०६६।०३।३० मा दर्ता भएको हो र यसको पान दर्ता नं ३०३७४३८७५ रहेको छ। यस संस्थाको कार्य क्षेत्र साविकको थानकोट गा.वि.स, महादेवस्थान गा.वि.स, मातातिर्थ गा.वि.स, बलम्बु गा.वि.स भरि रहेको छ।

### वित्तिय विवरण सम्बन्धि जानकारी

वित्तिय विवरणहरू अन्यथा उल्लेख गरिएका बाहेक ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य तथा लेखाका सर्वमान्य सिद्धान्त र सहकारी ऐन २०४८ को नीति निर्देशन जारी लेखामान सिद्धान्त बमोजिम अनुसार तयार पारिएका छन्। यस संस्थाले अपनाएका प्रमुख लेखा नीतिहरू निम्नानूसार छन्।

Annual Report
2016/017

**१. ब्याज गणना गर्ने तरिका**

- ब्याज दिनूपर्ने निक्षेप खाताहरूमा ब्याज दिंदा र कर्जा सापटीमा ब्याज लिंदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ।
- कर्जा सापटीको ब्याज असूलीको आधारमा आम्दानी जनाउने गरिएको छ।
- निक्षेप तर्फ दिईने ब्याज सम्झौता तथा करारमा उल्लेख भए अनुसार ब्याज खर्च गरिएको छ।
- कर्जा सापटीको ब्याज आम्दानीलाई (Accural Basis) को आधारमा जनाउने गरिएको छ।

**२. स्थिर सम्पत्ति तथा ह्रास कट्टी**

- स्थिर सम्पत्तिहरू ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept)मा देखाएको छ।

- यस स्थिर सम्पत्तिहरूको ह्रास कट्टी घट्दो दर प्रणाली (Diminishing Balance Method) को आधारमा आयकर ऐन २०५८ को अनुसूचि २ ले निर्दष्ट गरेको नीति नियमको आधारमा गरिएको छ ।
- यस संस्थाले रु २,०००।०० भन्दा कम मुल्यका सामानलाई सोभै खर्चको रुपमा लिइएको छ ।

### ३. कर्जा नोक्सानी ब्यवस्था कोष

गत आ.व.को जोखिम बेर्होने कोष रु ३,०१७,०७७।५३ मा यस आ.व रु १,२९२,९५१।८३ थप समावेश गरि रु ४,३१०,०२९।३६ कोषको व्यवस्था गरिएको छ ।

### ४. आयकर व्यवस्था

यस आ.व.मा आयकर ऐन तथा नियमावली बमोजिम संस्थाको कर योग्य आय रु ७,३८७,७१४।८४ मा २० प्रतिशत रु १,४७७,५४२।९७ आयकर व्यवस्था गरिएको छ ।

### ५. लेखा विवरणको प्रस्तुति

लेखा विवरण ऐतिहासिक लागत अवधारणा, सामान्य रुपमा स्वीकार्य प्रचलन रहेका लेखा पद्धति, सहकारी ऐन तथा निति निर्देशन तथा नेपाल चार्टर्ड एकाउटेण्टस् संस्थाबाट जारी लेखामान सिद्धान्त बमोजिमको ढांचामा तयार गरिएका छन् ।

### ६. लगानी

विभिन्न संघ संस्थाको प्राथमिक शेयर लगानीलाई परल मोलको आधारमा लेखांकन गरिएको छ । सहकारी मापदण्ड २०६८ अन्तर्गत सहकारी संस्थाले अन्य कम्पनी तथा संस्थाहरूमा लगानी गर्न नपाइनेमा मापदण्ड जारी हुनु अघि उपकार चाउचाउमा लगानी रहेको रु १,०००,०००।०० हालसम्म कायम नै रहेको छ ।

### ७. कोषको वितरण

गत आ.व.मा बांडफांड गरिएको केहि कोषहरूबाट रकम वितरण गरि बांकी रहेको रकम पुन : जगेडाकोषमा जम्मा गरेको छ । वितरण गरिएको कोषहरूको विवरण निम्नानुसार छ :

| विवरण | यसवर्ष वितरण |
|---|---|
| शेयर लाभांश कोष | १,६९१,८९३.६९ |
| कर्मचारी बोनस कोष | ३३७,९१३.८९ |

### ८. शेयर सदस्य संख्या

प्रस्तुत संस्थाको शेयरसदस्य संख्याहरूमा महिला तथा पुरुष गरी जम्मा १६८४ जना रहेको छ ।

### ९. मौज्दात

संस्थाले खरीद गरेको स्टेशनरी तथा अन्य खपत हुने सामग्रीहरू आवश्यकता अनुरुप एकमुष्ठ रुपमा खरीद गरि खपतको आधारमा खर्च जनाइ बांकी रहेको मौज्दातमा उल्लेख गरिएको छ ।

## लेखा सम्बन्धि टिप्पणीहरू

### १. निक्षेप दायित्व

प्रस्तुत आ.व. को संकलित निक्षेप रु ४५६,६८५,९४१।७८ र सो निक्षेप शेयर पुंजीको १० गुणा भन्दा बढी रहेको पाइयो ।

### २. औसत ब्याजदर

यस आ.व.मा कर्जा लगानीमा औसत ब्याजदर १७।५० प्रतिशत र निक्षेपमा प्राप्त औसत ब्याजदरको लागत १२।५० प्रतिशत रहेको पाइयो, जसको आधारमा मुल्यांकन गर्दा औसत ब्याजदरको अन्तर (Average Spread Rate) ५ प्रतिशत रहेको पाइयो ।

### ३. ह्रास कट्टी

अचल सम्पत्तीको ह्रासकट्टी आयकर ऐन २०५८ अनुरुप ह्रासकट्टी गरिएको पाइयो ।

### ४. लेखा विवरणको प्रस्तुती

गत आ.व.मा प्रस्तुत अंकहरूलाई यस आ.व.को अंकहरूसंग तुलना हुने गरि आवश्यकता अनुसार पुर्नगठन वा पुन वर्गीकरण गरि प्रस्तुत गरिएको छ । अंकहरूलाई नजिकको रुपैयांमा प्रस्तुत गरिएको छ ।

रजिर्ष्टड लेखापरीक्षक
हरिकृष्ण श्रेष्ठ
एच.के. श्रेष्ठ एण्ड कं

टिपोट (Note)

## आवधीक निक्षेप (Term Deposit)

| अवधि | त्रैमासिक ब्याज भुक्तानी | वार्षिक ब्याज भुक्तानी | एकमुष्ठ ब्याज भुक्तानी |
|---|---|---|---|
| ६ महिना | - | - | १०.००% |
| १ वर्ष | १०.५०% | ११.००% | ११.००% |
| २ वर्ष | ११.००% | ११.५०% | १२.००% |
| ३ वर्ष | १२.००% | १२.५०% | १३.००% |

## निक्षेप (Deposit)

| निक्षेप | बार्षिक ब्याजदर |
|---|---|
| नियमित बचत | ८.००% (दैनिक मौज्दातमा)* |
| देवदर्शन पेन्सन बचत | ३ वर्ष (प्रति १ लाखको मासिक रु ८००/-) |
| बाल शैक्षिक बचत | २ वर्ष ११.००% |
| | ५ वर्ष १२.५०% |
| | १० वर्ष १५.००% |
| नारी उत्थान बचत | १०.५% (आवधिक) |
| किसान बचत | ८.००% (मासिक न्यूनतम बचतमा) |
| साधारण बचत | ८.००% (मासिक न्यूनतम बचतमा) |
| देवदर्शन विशेष बचत | ५.००% (दैनिक मौज्दातमा)* |
| देवदर्शन कल बचत | ६.००% (दैनिक मौज्दातमा)* |
| गोल्डन बचत | ७.००% (दैनिक मौज्दातमा)* |
| बोनस बचत | ९.००% (दैनिक मौज्दातमा)* |

*शर्त लागु हुनेछ ।

## कर्जा तथा सापट योजना (Loans and Advances Scheme)

| कर्जा शिर्षक | बार्षिक ब्याजदर घट्दोदर |
|---|---|
| देवदर्शन पुलेसो कर्जा (Dev Darshan Bridge Loan) | १७.५०% |
| आवधिक कर्जा (Term Loan) | १७.५०% |
| छोटो अवधि कर्जा (Short Term Loan) | १८.००% |
| व्यापारीक कर्जा (Trading Loan) | १७.५०% |
| घर कर्जा (Home Loan) | १४.००% (मासिक किस्ता प्रणाली) |
| हायर पर्चेज कर्जा (Hire-purchase Loan) | १४.००%* |
| महिला उद्यमी कर्जा (Mahila Uddhami Karja) | १४.००% |
| शेयरसदस्य सहुलियत कर्जा (Share Sahuliyat Karja) | १५.५०-१६.५०% |
| सामूहिक जमानी कर्जा (Group Gurantee Loan) | १८.००% |
| कृषि कर्जा (Agriculture Loan) | १५.००% |
| गरिबी निवारण कर्जा (Garibi Niwaran Karja) | १४.००% |
| लघु कर्जा (Laghu Karja) | १८.००% |
| अन्य कर्जा (Miscellaneous Loan) | १७.५०% |
| आवधीक रसिद धितो कर्जा (FDR) | (थप) ३.००% |

## अवधि बचत (Periodic Savings)

| अवधि | वार्षिक ब्याजदर | अवधि | वार्षिक ब्याजदर |
|---|---|---|---|
| ३ महिना | ९.००% | २ वर्ष | ११.००% |
| ६ महिना | ९.५०% | ३ वर्ष | ११.५०% |
| ९ महिना | १०.००% | ४ वर्ष | १२.००% |
| १ वर्ष | १०.५०% | ५ वर्ष | १२.५०% |

# नियमित बचतमा ८% ब्याज

## बचत खाताका विशेषताहरु

- जति धेरै बचत रकम उति धेरै ब्याज
- तिन तिन महिनामा ब्याज भुक्तानी
- आवधीक बचतमा १३.००%* ब्याज
- चाहे अनुसारको रकम राख्न र झिक्न सकिने
- सन्ध्याकालीन काउन्टरको व्यवस्था

**ज्येष्ठ सदस्य महानुभावहरुको लागि मासिक ब्याज भुक्तानी हुने गरी पेन्सन बचत योजना**

## रेमिट्यान्स सुविधाहरु

Prabhu Money Transfer — प्रभुको बन्धन

IME International Money Express — A Complete Money Transfer Solution

himal remit — हिमालरेमिट — सम्पन्न पार्दैछ जिन्दगी